☆ ☆ ☆

# News Release

**American Center, Embassy of the United States**
Yak & Yeti Complex (West Wing), Kathmandu. Tel: 444-5577

२०६४ जेठ २९

## माओवादीले हिंसा नत्यागेकोमा अमेरिकी राजदूत चिन्तित

अमेरिकी राजदूत जेम्स एफ. मोरियार्टीले आज पोखरास्थित सामुदायिक सम्बन्ध केन्द्रका मित्रहरु तथा सहयोगीहरुसमक्ष मन्तव्य दिँदै नेपालको भविष्यप्रति चिन्ता व्यक्त गर्नुभएको छ । नेपालको शान्ति, समुन्नति र लोकतन्त्रका लागि अहिले दुइवटा अडचन रहेको वहाँले उल्लेख गनुभयो । माओवादीले बहुदलीय लोकतान्त्रिक व्यवस्थामा मूलधारका अन्य राजनैतिक पार्टीको जस्तो व्यवहार गर्न नसक्नु पहिलो अडचन भएको र दोश्रो अडचनको रुपमा जातीय विभाजन रहेको राजदूतले औंल्याउनुभयो ।

राजदूतले भन्नुभयो, "संविधान सभाको चुनाव अगाडि नै पुष्प दाहाल र अन्य माओवादी नेतृत्वलाई आफ्नो पार्टी लोकतन्त्र र शान्तिप्रति साँच्चिकै प्रतिबद्ध छ भनेर प्रमाणित गर्ने ऐतिहासिक मौका प्राप्त छ ।" वहाँले अगाडि बताउनुभयो, "आफू शान्तिप्रेमी, लोकतन्त्रवादी भएको माओवादीको दावीलाई उनीहरुकै कार्यकर्ताका क्रियाकलापले झूठ तुल्याइरहेका छन् । यदि माओवादीले जनताको विश्वास र समर्थनको चाहना राख्ने हो भने उनीहरुले लोकतान्त्रिक प्रतिस्पर्धा र स्वतन्त्र चुनावको बाटो रोज्नुपर्छ, हिंसाको होइन ।"

###